# स्थानीय राजपत्र

परशुराम नगरपालिकाबाट प्रकाशित

खण्ड: २ संख्या: ७ मिति: २०७६/०६/०८

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

भाग १

## परशुराम नगरपालिकाको राजस्व बृद्धि सम्बन्धी ऐन २०७६

**प्रस्तावना** : नेपालको संविधान २०७२ को अनसूची ८ बमोजिम एकल अधिकार सूची, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ ले दिएको अधिकार प्रयोग गरी यस परशुराम नगरपालिकाको आन्तरिक आय संकलन कार्य व्यवस्थित रुपमा संचालन गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम यो **राजस्व बृद्धि सम्बन्धी ऐन २०७६** चौथौ नगरसभाबाट स्वीकृत गरी लागु गरिएको छ ।

परशुराम नगरपा

परिच्छेद १

प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :** १) यो ऐनको नाम “**राजस्व बृद्धि सम्बन्धी ऐन २०७६**” रहेको छ ।

२) यो ऐन परशुराम नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि परशुराम नगरपालिका क्षेत्र भित्र प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

क) “आन्तरिक आय ” भन्नाले प्रचलित ऐन, दफा  र यस ऐन बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोतसाधन आदिका आधारमा नगरपालिकाको सभावाट स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तुर, सेवा शुल्क बिक्रि आदि आयलाई सम्झनुपर्छ ।

ख) “ठेकेदार भन्नाले” नगरपालिकाको निश्चित आ.व. को आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनुपर्छ ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकिय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

घ) “कर अधिकृत” भन्नाले यो ऐन बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ ।

ङ) “वडा” भन्नाले नगरपालिकाको वडा सम्झनुपर्छ ।

च) “कार्यालय” भन्नाले परशुराम नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । यो शव्दले वडा कार्यालय समेतलाई बुझाउँछ ।

छ) “शाखा” भन्नाले नगरपालीकाको राजश्व शाखा सम्झनु पर्छ ।





**अनुसूची १**

**(ऐनको दफा ६ (१) बमोजिमको किस्ता असुली तालिका)**

| किस्ता विवरण | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृती भएको मितिले ७ दिनभित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | चालु आर्थिक वर्षको माघ मसान्तभित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | चालु आर्थिक वर्षको असाढ मसान्तभित्र | कबोल अंकको बाँकी ३५ प्रतिशत रकम |

प्रमाणिकरण मिति: २०७६।०३।१२

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रियावाट पनि रकम असुलउपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असुल उपर गर्नुपर्नेछ ।

९. यस ऐनमा उल्लेख भएका बाहेकका विषयहरुमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१०. राजस्व बृद्धि सम्बन्धी आवस्यक कार्य, अनुगमन, नियमन, कार्यविधि निर्माणको पूर्ण जिम्मा राजस्व परामर्श समितिको हुनेछ ।

११. यस ऐनको अधिनमा रही होडिङ्ग वोर्ड, काठ, दाउरा, जडीबुटी, डुंगा, किस्ती, कवाडी, घर बहाल, ब्यावसायिक कर, बन्यजन्तु कर लगायत प्रचलित कानूनमा तोकिएका स्थानीय तहले कर लगाउन सक्ने विषयमा करको दायरा तोक्न आवस्यक नियमावली, कार्यविधि नगरकार्यपालिकाले बनाउन सक्नेछ ।





ज) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्नेगरी नगरपालिकामा व्यवसाय दर्ता भएको व्यक्ति /फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

झ) "स्थानिय तह" भन्नाले परशुराम नगरपालिकालाई सम्झनु पर्दछ ।

ञ) "प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ ।

ट) "उप प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुखलाई जनाउने छ ।

परिच्छेद २

ठेक्का बन्दोबस्त

**३) स्थानिय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :**

१) स्थानिय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही परशुराम नगरपालिकाको नगरसभाले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न परुशराम नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर परशुराम नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक-पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व वढ्न जाने अवस्थामा बढीमा २ वर्ष सम्मको लागि एकैपटक ठेक्का बन्दोवस्त गर्न सकिने छ ।

स्पष्टिकरण : यस कार्यविधि प्रयोजनका लागि "आन्तरिक आय" भन्नाले नेपाल सरकारवाट प्राप्त हुने अनुदान राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम तथा अन्य विषेश प्रकृतिको



परशुराम नगरपालिका

अनुदान बाहेक स्थानिय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनुपर्छ ।

(क) नगरसभाले पारित गरेको करको दर सेवा शुल्क संगै स्थानीय सरकार संचालन ऐन २०७४ को उपदफा २ (ध), उपदफा ४ घ समेतमा पनि आवस्यक प्रक्रिया बमोजिम राजस्व संकलन गरिनेछ ।

(ख) उपदफा ४ ञ मा व्यवस्था भए बमोजिम प्राकृतिक स्रोत व्यवस्थापन खानी तथा नदी जन्य उत्खनन संकलन तथा विक्रि, वनपैदावार समेतमा आवस्यक प्रक्रिया थालनी गरी राजस्व बृद्धिको प्रयास गरिनेछ ।

२) दुइ वा दुइभन्दा बढी स्थानिय तहको समुहले आपसी सहमतीद्वारा संयुक्त रुपमा उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

३) परशुराम नगरपालिकाले सामान्यतया आर्थिक वर्ष सुरु हुनुभन्दा अगाडी नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नुपर्ने छ । यसरी ठेक्का बन्दोवस्त गर्दा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

४) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनुपर्ने छ ।

क) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय, श्रोतको उपलब्धता, श्रोत परिचालनको व्यवस्थापन, लागत र चालु वर्षको ठेक्का अंक समेतलाई विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नुपर्नेछ ।

ख) खण्ड (क) बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भइसकेपछि ठेक्का बन्दोबस्त गर्नका लागि नगरसभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा





वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असुली कार्यतालिका बमोजिम ठेक्कादिन सकिनेछ ।

(५) उपदफा(३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट परशुराम नगरपालिकालाई भएको नोक्सानी र स्थानिय तहले ठेकेदारवाट लिनुपर्ने बाँकी भएमा त्यसको छुट प्रतिसत समेत सो ठेकेदारले राखेको जमानतवाट असुल नभए निजवाट सरकारी वाँकी सरह असुल उपर गरिने छ ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परि ठेकदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगरपालिकाको नगरसभाले सो बमोजिम असुल गर्नुपर्ने रकम मध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाह दिन सक्नेछ ।

८. बक्यौता रकम असुली सम्बन्धी व्यवस्था :

(१) परशुराम नगपालिकाले विभिन्न कारणवाट असुलहुन नसकि बाँकी रहेको बक्यौता रकम असुल गर्न वक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुल गर्नुपर्ने रकम असुलीको लागि नेपाल प्रहरी, नगर प्रहरी परिचालन गर्नुका साथै स्थानिय प्रशासन नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भई बक्यौता रकम असुली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई स्थानिय तहले असुली अंकको बढीमा १५ प्रतिसत सम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एकभन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असुली भएको भए त्यस्तो पुरस्कार रकम दामासाहीवाट उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ६

## ठेक्का सम्बन्धी विविध व्यबस्था

७. ठेक्का तोड्ने

(१) सम्झौता बमोजिमको कुनै सर्तको बर्खिलाप काम गरेकोमा वा त्यस्तो सर्तबमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बोहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भइसकेपछि ठेक्काको अवधी भुक्तान नहुँदै बिचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले परशुराम नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालबस्तुमा कर सेवाशुल्क, वा दस्तुर असुल गरेमा वा एक स्थानिय तहले लिएको करको प्रमाण हुँदाहुदै दोहोरो हुनेगरी कर असुल गरेमा सो रकम त्यस्तो ठेकदारवाट असुल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धीत स्थानिय तहले फिर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकदारको ठेक्का तोडी धरौटी जफत गरिने छ । यसरी धरौटी जफत गर्दापनि नयाँठेक्का बन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का बन्दोवस्तो गर्दा लागेको रकम असुल उपर नभएमा सरकारी बाँकी सरह असुल उपरगरी निजको नाम कालोसूचीमा राखि अन्य स्थानिय तहहरु र ठेकदारको लाइसेन्स दिने सम्बन्धीत कार्यालयलाई समेत जानकारी दिइने छ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएमा सोहि आर्थिक वर्षको बाँकी अवधीको निमित्त ठेक्का साकार गर्ने वा कुनै व्यक्ति





विषेश सर्तहरु र सुचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नुपर्ने छ ।

ग) खण्ड (क) बमोजिमको कार्यान्वियन कार्ययोजनाको आधारमा कुनै आन्तरिक आय पाँचलाख रुपिया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र पाँचलाखभन्दा बढी उठ्ने भएमा बोलपत्र /दरभाउपत्र आह्वान गरी सम्झौता गर्नुपर्नेछ ।

घ) खण्ड (ग) बमोजिम वोलपत्र आह्वान गर्दा विसलाख रुपयाँ सम्म स्थानिय वा स्थानिय स्तरको नियमित प्रकाशन हुने पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई सुचना प्रकाशन गर्नुपर्नेछ । विसलाख रुपयाँभन्दा बढी भएमा कम्तिमा तीस दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकाशन गर्नुपर्नेछ ।

ङ) खण्ड (घ) बमोजिमको सुचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ ।

१) साविकमा ठेक्का लागि आएको भए कति रकम र के सर्तमा ठेक्का लागेको हो सो कुरा

२) ठेक्काका मुख्य-मुख्य सर्तहरु,

३) श्रोतगत र स्थलगत विवरण र उठाउनुपर्ने आन्तरिक आयको सम्भावित परिमाण,

४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिने भए सो कुरा,

५) बोलपत्र फाराम प्राप्त हुने स्थान र इन्टरनेटवाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउनु पर्नेछ । यसरी इन्टरनेटवाट डाउनलोड गरिएको बोलपत्र

दाखिला गर्दा उक्त सुचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।

(खण्ड: २ संख्या: ७ मिति: २०७६/०६/०८

६) बोलपत्र पठाउनुपर्ने तरीका,

७) बोलपत्र पठाउनुपर्ने कार्यालयको नाम (कार्यालयको नाम खुलाउँदा सम्बन्धित स्थानिय तहको निर्णयले एकभन्दा बढी स्थानिय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय) समेतलाई समावेश गर्न सक्ने छ।

८) बोलपत्र वाफत लाग्ने दस्तुर

९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने मिति, समय र स्थान

१०) बोलपत्र उपर निर्णय हुने मिति

११) जमानत वाफत राख्नुपर्ने रकम वा बैंक ग्यारेण्टीको किसिम र मान्य अवधि

१२) अन्य आवश्यक कुराहरु

च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्र फारामको दस्तुर कायम गर्दा देहाय अनुसारको मुल्य कायम गर्नुपर्नेछ।

क) एक रुपियाँ देखी माथि बिसलाख रुपैयाँसम्मको लागि रु १०००।-

ख) बिसलाख रुपैयाँ देखी माथि दुइकरोड रुपैयाँसम्मको लागि रु ३०००।-

ग) दुइ करोड रुपैयाँभन्दा माथि दश करोड रुपैयाँ सम्मका लागि रु ५०००।-



घ) दश करोड रुपैयाँभन्दा माथि पचास करोड रुपैयाँसम्म रु १००००।-

(खण्ड: २ संख्या: ७ मिति: २०७६/०६/०८

परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबैसर्त खुलाई सम्बन्धि ठेकदारसंग सम्झौता गरी चलानपूर्जी दिनुपर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सुचना प्राप्त भए पछि सो सुचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलान पुर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई स्थानिय तहको संचित कोषमा दाखिला हुनेछ ।

## परिच्छेद ५

## ठेक्का रकमको किस्ता व्यबस्था

६. ठेक्का रकमको किस्ता बुझाउने तरीका :

(१) स्थानिय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोस्ता गर्दा असुल गर्नुपर्ने किस्ताको अंक निर्धारण ठेक्का सम्बन्धी सुचना, बोलपत्रमा उल्लेखित असुली कार्यतालिका तथा यस ऐनको अनुसूची १ बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउदा राजश्व उठाउने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बिचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनुपर्नेछ ।

(२) ठेकदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी कम्तिमा ५ देखी बढीमा १० प्रतिशत सम्म कार्यपालिकावाट निर्णय गराई छुट दिन सकिनेछ ।

तर यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनुपर्नेछ ।

तर यस्तो सूचना कुनै स्थानिय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिने छ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मन्जुर गरे ठेक्का बन्दोवस्त गर्ने स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृतले निजवाट तुरुन्त सम्झौता गराई निजलाई चलानपूर्जी दिनुपर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मन्जुर नगरेमा निज पछिको दोस्रो तेस्रो क्रमअनुसार अरु वोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारीगरी ठेक्का बन्दोवस्त गर्नुपर्नेछ । यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम परशुराम नगरपालिकाले अनुमान गरेको अंकभन्दा कम हुने रहेछ भने उक्त ठेक्का रद्दगरी राजश्व परामर्श समितिको बैठकवाट सिफारिस गराई पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) परशुराम नगरपालिकाले संयुक्त रुपमा आह्वान गरेको बोलपत्र वा बढावढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोवस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासका लागि मुल्याङ्कन समिति समक्ष पेशगरी निकाशा भए बमोजिम गर्नुपर्नेछ । परशुराम नगरपालिकाको मुल्याङ्कन समितिले पनि यसरी पेश भएको सातदिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको सूचना दिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाता वा डाँकवालावाट स्वीकृत ठेक्का अंकको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नुपर्नेछ र बाँकि ७५ प्रतिशत रकम र सोको भ्याट वाफतको रकम समेत कुल रकमको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको ठेक्का अवधिभर म्याद भएको (बहुवर्षिय ठेक्काको हकमा कम्तीमा १ वर्ष)

ङ) पचास करोड रुपैयाँभन्दा माथि रु २००००।-

च) खण्ड (ङ) बमोजिम प्रकाशित सुचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, बोलपत्रदाताहरुको ऐजेन्टले पेश गर्नुपर्ने विवरण लगायतका विषयहरु यसै ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

छ) खण्ड (घ) बमोजिम प्रथमपटक बोलपत्र आह्वान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कवोल अंक अनुमानित ठेक्का रकम भन्दा कम भएमा वा विशेष कारणबशः ठेक्का स्थगित गर्नुपरेमा कम्तिमा ७ दिन म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नुपर्नेछ।

ज) खण्ड (छ) बमोजिम दोस्रो पटक सुचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तिमा ७ दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थपगरी सार्वजनिक बढावढको सूचना प्रकाशन गर्नुपर्ने छ।

१) बढावढ हुने स्थानिय तहको कार्यालय वा अन्य कुनै स्थान

२) बढावढ हुने समय र मिति

३) अन्य आवश्यक कुराहरु

५) उपदफा (४) को खण्ड (ङ) र खण्ड (ज) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढावढ डाँक बोल्ने व्यक्तिले नेपाली नगारिक भए आफुले कबुल गरेको अंकको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको दश प्रतिशत रकम त्यस्तो सुचना प्रकाशन गर्ने स्थानिय तहको नाममा उक्त सूचनामा तोकिएको बैंकमा जमानत वाफत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैकंवाट मान्यता प्राप्त बैकंले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट एक सय विस दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति संलग्न राख्नुपर्ने छ।

तर बढावढ गर्दा पनि स्थानिय तहले तोके बमोजिमको न्यूनतम अंक पनि कबोल अंक हुन नआएमा स्थानिय स्तरको सम्बन्धित राजस्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रक्रिया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिने छ।

६) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वाफतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको वोलपत्र वा बोलेको डाँक अस्वीकृत भई प्रथम पक्षले सम्झौता गरे पश्चात नियमानुसार निजलाई फिर्ता गर्नुपर्नेछ।

तर कुनै ठेक्काको सम्झौता नभएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्काको क्रम अनुसार सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानिय तहले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन।

७) उपदफा (४) अन्तरगत प्रकाशित सुचनामा बढावढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सुचनामा बढावढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनैस्थानमा हुलाक वा फोनवाट बोलेको कुनैपनि डाँक उपर कुनै कारवाही गरिने छैन।

## परिच्छेद ३

## ठेक्का स्वीकृत सम्बन्धी ब्यबस्था

४. ठेक्का स्वीकृत गर्ने : (१) दफा ३ को उपदफा ४ (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको

कुनै वा सबै डाँक परशुराम नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भएपछि सूचना बोजिमका सबै प्रक्रिया पुगेको सबैभन्दा बढी कबोल गर्नेको वोलपत्र मुल्याङ्कन समितिको सिफारिस बमोजिम परशुराम नगरपालिकाले स्वीकृत गर्नुपर्ने छ ।

(३) दफा ३ को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अंकवाट वढावढ शुरुगरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै दफा ३ को उपदफा (५) बमोजिम धरौटी वा बैंक ग्यारेण्टी लिई स्वीकृत गर्नुपर्नेछ ।

४) यस ऐन बमोजिमको वोलपत्र वा सार्वजनिक वढावढको डाँक स्वीकृत गर्ने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।

## परिच्छेद ४

## सम्झौता सम्बन्धी व्यबस्था

५. सम्झौता गर्ने र कार्यादेश दिने : (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोवस्त गर्ने परशुराम नगरपालिका वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवाललाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारीगर्दा बाटोका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कवोल बमोजिम सम्झौता गर्न नआएमा त्यसपछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सुचना बुझी नलिएमा स्थानिय वडा सदस्य एक जना समेत स्थानिय व्यक्तिहरु चारजनालाई साक्षी राखी सूचना पाउनुपर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिने छ ।

परशुराम नगरपालिका